## विहादी गाउँपालिकाको सम्मानित बाह्रौ गाँउसभामा

### श्रद्धय अध्यक्ष श्री परविन गुरुङद्धारा प्रस्तुत

### आर्थिक वर्ष २०८०/०८१ को

# नीती तथा कार्यक्रम

विहादी स्थानीय सरकार

विहादी,पर्वत

**विक्रम संवत् २०८० साल असार १० गते**

आज मिति वि.स. २०८० साल असार १० गतेका दिन यस विहादी गाउँपालिकाको सम्मानित बाह्रौ गाँउसभाको अधिवेशनमा उपस्थित सभा उपाध्यक्ष ज्यू, सभा सचिव ज्यू, आदरणिय सभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार मित्रहरु तथा सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागतका साथ नमन गर्न चाहन्छु।

आर्थिक वर्ष २०८०/८१ को यस गाउँपालिकाको समग्र नीती तथा कार्यक्रम यस बाह्रौ गाँउसभाको अधिवेशनमा प्रस्तुत गर्नुपुर्व यस अवसर प्रदान गर्नुहुने बाच्छाको बाच्छाखोला देखि उरामको शिउदीखोला, बच्छेश्वर, भेडाबारी, पुर्णगाउ, लुरिङ, गेप्ताङ्ग देखी पवित्र कालीगण्डकी नदिले छुट्याएको शिला शालिग्राम सिमानाभित्र रहनुभएका आदरणिय सम्मानित विहादीवासी सबैमा सम्मानका साथ स्मरण गर्न चाहन्छु।

यस गरिमामय सभामा गाउँपालिका को आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु, राजनितिक दल लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।
१० औं गाउसभामा हामीमाझ रहनुभएका करेन्ट लागेर देहत्याग गर्नुभएका हाम्रा स्वर्गिय सभा सदस्य दिपक गुरुङ्ग लगायत सघिंय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि गरेको ऐतिहासिक सघंर्षमा सहादत प्राप्त गर्नुहने सम्पुर्ण सहिद र योद्धाहरुप्रति उच्च सम्मानसहित  स्मरण गर्न चाहन्छु।

विहादी गाउँपालिकाको समग्र विकासको नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरुप्रति सम्मानसहित उहाहरुको अमुल्य योगदान स्मरण गर्न चाहन्छु ।

**आदरणिय सभा सदस्य ज्यूहरु**

नेपालको सविंधानले दिएको, निर्दिष्ट गरेका कार्यसुचि बमोजिम स्थानिय सरकारले आम स्थानियबासीप्रतिको जिम्मेवारी र दायित्वलाई कर्तव्य बोध गरी आफ्नो स्रोत  साधन र क्षमताले भ्याएसम्म नागरीकमैत्री सरकारको रुपमा उपस्थित भएको छ र सदा उपस्थित रहनेछ ।

आर्थिक सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पुर्वाधार विकास, वातावरण संरक्षण र सुशासनका व्यवस्थापकिय माध्यमबाट सबल, सुन्दर र समुन्नत विहादीको निर्माण गर्ने तर्फ स्थानिय सरकार द्दढ-सकंल्पित रहेको छ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं।

विहादी गाउँपालिकाको दीर्घकालिन "**समुन्नत बिहादी, सम्मानीत विहादीबासी**" को सोच पुरा गरी सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्न आवश्यक पर्ने राय, सुझाव, सकरात्मक साथ र सहयोग गर्नुहुन सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु, राजनितिक दल लगायत समस्त वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८०/८१ को यस गाउँपालिकाको समग्र नीती तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

- **आर्थिक विकासः**

1. स्थानीय समुदायलाई **"एक घर,एक करेसाबारी"** नीती बनाई तरकारी र कृषि खेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ, जसमा करेसाबारी र किसानको लागि आवश्यक पर्ने टनेल, विषादी, मिनिटिलर र तालिम लगायत बिउबिजन सहितको प्याकेज उपलब्ध गराईनेछ ।
2. प्रत्येक वडा भित्रका बाझो जग्गाको सदुपयोग गरी अर्गानिक कृषि खेती तथा मौसमी तरकारी खेतीको लागि आवश्यक प्रबन्ध मिलाइनेछ, ।
3. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादन (कृषि खेती तथा मौसमी फलफुल वा तरकारी खेती) मा जोडिनेछ, साथै आन्तरीक रोजगारी सम्बन्धी सम्भाव्यताको अध्ययन गरिनेछ, वास्तविक बेरोजगारीको पहिचान गरी रोजगार सेवा केन्द्रमा दर्ता भएका सुचिकृत बेरोजगारलाई सिपमुलक तालिमका साथ न्युनतम रोजगारीमा आवद्ध गराईनेछ।
4. रोजगार सेवा केन्द्रलाई आन्तरीकरण गरी स्थानिय तहको पञ्चवर्षिय रोजगार रणनिती तर्जुमा तथा कार्यवन्यनका साथ आन्तरीक रोजगारीलाई व्यवस्थित बनाउन पहल गरिनेछ।
5. पशुपालनलाई व्यवस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ, र सत प्रतिशत अनुदानमा पशुपन्छी बिमा तथा बाली बिमा कार्यक्रमको नीतिका लागि पहल गरिनेछ।
6. तरकारी, अन्नबाली, मसलाबाली, फलफूल र पशुपालन पकेट क्षेत्र निर्धारण र कृषि उपकरणमा अनुदानको व्यवस्था गरिने छ, साथै आलुको व्यवसायिक उत्पादनको लागि पकेट क्षेत्र घोषणा गरीने छ।
7. **"उत्पादन तथा काममा आधारीत अनुदान"** कार्यक्रम अन्तर्गत दुग्ध उत्पादक किसानहरुलाई प्रतिदिन १५ लिटरभन्दा बढी उत्पादन गरेबापत प्रोत्साहन स्वरुप ढुवानीमा अनुदानको व्यवस्था गरिने छ, पाडा पाडी हुर्काउने र हल गोरु पाल्ने किसानलाई अनुदान दिने नीतिको लागि पहल गरिनेछ।
8. लोकल गाई संरक्षण कार्यक्रमलाई निरन्रता दिईने छ, साथै "**उन्नत जातको गाई र भैसी खरिदमा अनुदान "** कार्यक्रमको अवधारणा अगाडि बढाई दुग्ध उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउने नीतीको अवधारणा अगाडि बढाईनेछ।
9. लघु समुह गठन गरी व्यवसायिक तथा सिपमुलक तालिमलाई निरन्तरता दिईनेछ, साथै तालिमको प्रभावकारीता अध्ययन गर्दै तालिमप्राप्त जनशक्तीलाई उद्धमी बनाउन प्रोत्साहन स्वरुप प्रविधि हस्तान्तरण र बजारीकरणमा सहयोग गरिनेछ र **"एक वडा एक युवा स्वरोजगार ग्रामिण स्वाबलम्बन"** कार्यक्रमको अवधारणा अगाडि बढाईनेछ।

10. समूह बनाई सीपमूलक तालिम माग गर्न आएमा सीपमूलक तालिम सञ्चालन गरी स्थानियबासीलाई सिपयुक्त जनशक्तीको रुपमा स्थापित गर्ने नीतीको अवधारणा अगाडी बढाईने छ, साथै स्थानीय सिपयुक्त जनशक्तीलाई प्राथमिकतामा राखी काममा लगाउने नीती बनाईनेछ।
11. कृषि तथ्याङ्क सकंलन गर्ने तथा नियमित अधावधिक गर्ने कार्यलई प्राथमिकता दिईनेछ, **जि आई एस** (GIS) र **रिमोट सेन्सिङ्ग** (Remote Sensing) प्रविधिको अवधारणा अगाडी बढाईने छ।
12. **"स्थानीय सरकारको साझेदारी, बाझो रहन्न खेतबारी"** कार्यक्रम अन्तर्गत उत्पादनमा आत्मनिर्भर बन्ने कार्यक्रम अगाडी बढाईनेछ, साथै **भुमि बैकं**को अवधारणा अगाडी बढाई कृषी उत्पादन तथा रैथाने बाली कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
13. कृषि एम्बुलेन्सको खरिद र प्रभावकारी सन्चालन गरीनेछ, यस अन्तर्गत कृषि र पशुजन्य उत्पादनलाई पालिकाले **स्वयम पिक अप** गरी बजार पुर्याउने अवधारणा अगाडि बढाईनेछ।
14. कृषि तथा वित्तिय संस्थासगं समन्वय गरी न्युनतम ब्याजदरमा नव उद्धमी तथा कृषि कर्जा उपलब्ध गराउन पहल गरिनेछ।
15. **कृषक कल्याणकारी बचतकोष** कार्यक्रमलाई प्रभावकारी बनाईनेछ, साथै अनुदानमा किसानलाई कुटानी पिसानी, मौरीघार वितरण र खाद्यान्न बिउ लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

16. कृषिजन्य उत्पादन तथा पशुपालनको पकेट क्षेत्र पहिचान गरी **"एक वडा, एक उत्पादन"** तथा **"एक वडा एक कृषि तथा पशुपन्छी फर्म"** कार्यक्रमको अवधारणा अगाडी बढाईने छ। **एक वडा एक उत्पादन** कार्यक्रम अन्तर्गत पशुपालन, सुन्तला एवम् अमिलो जातको फलफुल, तरकारी खेती, टिमुरको व्यवसायिक खेती,अदुवा खेती, मौरीपालन तालिम, सुन्तला, किवी, कागतीका वेर्ना वितरण गरिने छ, साथै रुद्राक्ष, दालचिनी, भागो, निउरो, सिन्की, टिमुर, सिस्नो, सिलाम लगायत जडिवुटी खेतिको को उत्पादनलाई प्रोत्साहित गरिनेछ।
17. पालिकाले सञ्चालनमा ल्याएको भकारो सुधार कार्यक्रम, च्याउको विउमा पूर्ण अनुदान कार्यक्रम, सिँचाई पोखरीमा अनुदान कार्यक्रम, क्यारेट वितरण कार्यक्रम, चिया तथा कफि विरुवा वितरण कार्यक्रम, बर्षे फलफुल वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिईनेछ।
18. कृषिजन्य उत्पादनका किराहरु तथा पशुपन्छीको रोग पहिचान गरी रोग तथा किरा नियन्त्रण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ, **"पशुको पुर्ण खोप"** कार्यक्रमलाई विस्तार गरिनेछ, साथै कृषिजन्य उत्पादनका बिउविजन, बेर्ना, किटनाशक औषधि, मल, घासको बिउ वितरण तथा पशुखोर तथा नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
19. आवश्यकता अनुसार किसानहरुलाई तालिम कार्यक्रम, पालिकामा ट्रेविज निर्माण कार्यक्रम, पशु स्वास्थ्य औषधि खरिद कार्यक्रम, पशु ल्याव व्यवस्थापन, पशु कृतिम गर्भाधान कार्यक्रम, कुखुराका चल्ला वितरण कार्यक्रमको अवधारणा अगाडि बढाईनेछ।

20. **"असल कृषि तथा पशु अभ्यास कार्यक्रम"** अन्तर्गत रेविज दिवस, भेटेरिनरी दिवस, अण्डा दिवस तथा पशुपन्छी दिवसहरुको अवसरमा अण्डा, दुध तथा मासु उत्पादनमा विशेष जोड दिईनेछ।
21. माटो तथा मलको स्वच्छता तथा गुणस्तरको लागि माटो तथा मल परिक्षण ल्याबको स्थापना गर्न पहल गरिनेछ, साथै भुमिको उत्पादनलाई अभिवृद्धि गर्न जग्गाको वर्गिकरण, यान्त्रिकिकरण र व्यवसायीकरणलाई जोड दिईनेछ।
22. **"एक वडा एक चिस्यान केन्द्र"** अवधारणा अगाडी बढाई कृषि उपजको भण्डारणलाई व्यवस्थित बनाउन पहल गरीनेछ।
23. पालिका भित्रका गरिब तथा विपन्न लगायत माझी, कुमाल, बोटे लगायतका सीमान्तकृत तथा लोपोन्मुख जातीलाई परिचयपत्र वितरण गरी राहत कार्यक्रम, सचेतना तथा रोजगारी सिर्जना कार्यक्रम सन्चालनको अवधारणा अगाडी बढाईने छ।
24. लगानीमैत्री वातावरण सिर्जना गर्न करका दरमा छुट तथा परिमार्जन गरिनेछ, स्थानिय सिप, स्रोत र प्रविधिमा आधारीत घरेलु तथा साना स्थानीय उद्योग सरंक्षणको नीती लिईनेछ।
25. स्थानीय रुपमा उत्पादित मदिराको उत्पादनलाई महत्व दिई अर्थोपार्जनको नीती अगाडी बढाईने छ।
26. नियमित वा दैनिक प्रयोगमा आउने वस्तुको बजार मुल्य निर्धारण गरी नियमित अनुगमनका कार्यक्रम अगाडी बढाईने छ।
27. पालिका भित्रका धार्मिक, ऐतिहासिक, सास्कृतिक तथा प्राकृतिक महत्वका स्थलको व्यवस्थापन गरी पर्यटन पुर्वाधार तथा सेवा सुविधा सम्बन्धी गतिविधी सञ्चालन गरीनेछ।
28. **"एक वडा एक होमस्टे"**, प्याराग्लाईडिङ (Paragliding) क्षेत्रको बिकासको लागी पहल तथा सेतिवेणी गोर्लेङ्गधाम केबुलकारको को सम्भाव्यता अध्ययन गरी "**पर्यटन गुरुयोजना"** को अवधारणा अगाडी बढाईने छ।
29. **"मागको आधारमा आ.पि.एम कार्यक्रम"** सञ्चालन गरी कृषि उद्धमी उत्पादन गर्ने वातावरण तयार गरिनेछ।
30. पालिका बासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ | महिलाले संचालन गर्ने ब्यवसायका लागि बीउपूँजी र ब्यबस्थापन तालिम प्रदान गर्ने ब्यवस्था मिलाइनेछ |
31. कृषकहरुलाई निःशुल्क बिउबिजन वितरणको अवधारणा अगाडी बढाईने छ, साथै उत्कृष्ट कृषकलाई पालिकावाट सम्मान तथा परिचयपत्र प्रदान गरिने छ।
32. पालिकाको आम्दानी बढाउन वन कार्यलयसगं समन्वय गरी वन काठको निकासी तथा नदिजन्य पदार्थको व्यवस्थित उपयोगको नीती अवलम्बन गरिनेछ।
33. आयात घटाउने र निर्यात बढाउने नीती अनुरुप आ.ब २०८१/०८२ देखि तरकारी आयात बन्द गर्ने गरि उत्पादनलाई जोड दिने गृहकार्य गरिनेछ।

❖ **सामाजिक विकासः**

1. गरिबीको रेखामुनी रहेका दलित, सीमान्तकृत तथा लोपोन्मुख वर्ग ज्येष्ठ नागरिक तथा स्थानीयबासीहरुको लागि स्वास्थ्य शिविर को प्रभावकारी सन्चालन गरीनेछ। यस कार्यक्रममा ६/६ महिनामा ६० बर्ष माथिका नागरीकको निशुल्क स्वास्थ्य परिक्षण र बर्षको एकपटक आम ईच्छुक जनताको निशुल्क स्वास्थ्य परिक्षण गरिने अवधारणा अगाडी बढाईने छ।
2. गरिबीको रेखामुनी रहेका दलित, सीमान्तकृत तथा लोपोन्मुख वर्ग, ज्येष्ठ नागरिक लगायत अपाङ्गको लागि स्वास्थ्य बिमा गर्न आबश्यक प्रबन्ध मिलाइनेछ।
3. आर्थिक सहायता का लागि आवश्यक बजेट व्यवस्था गरी गरिबीको रेखामुनी रहेका दलित, सिमान्तकृत, लोपोन्मुख वर्ग एवं अपाङ्गता भएका व्यक्तिलाई कार्यविधि बनाई सेवा, सुविधा र सहायता प्रदान गर्ने अवधारणा अगाडी बढाइनेछ ।
4. औषधि लगायत अन्य आवश्यक उपकरण सामग्रीको व्यवस्थापन गरि स्वास्थ्य सेवामा सवै नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्न आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन गरिनेछ भने मापदण्ड अनुसारका सबै औषधिहरुको आपुर्ति बाह्रै महिना सुनिश्चित गरिनेछ ।
5. खोप केन्द्रको लागि भवन उपलब्ध गराउन पहल ,न्युनतम स्वास्थ्य सेवाको लागि आवश्यक उपकरण र हरेक वडामा एक एक्सरे मेसिनको अवधारणाको लागि आवश्यक पहल गरिनेछ।
6. विहादी भित्रका अशक्त, अनाथ शिशु र विपन्न बालबालिकाको लागि पोषण सुधार कार्यक्रम, बाल सक्रियता कार्य्रक्रम र सम्पुर्ण बालबालिकालाई अनिवार्य विद्यालय जोड्ने कार्यक्रमको अवधारणा अगाडि बढाईनेछ।
7. **आधारभुत अस्पताल**को अवधारणा अगाडि बढाईनेछ, साथै स्वास्थ्य सस्थामा प्रशासनिक खर्च, ल्याब सेवा निशुल्क, बर्थिङ सेन्टरमा सोलार सिस्टम, तथा औषधि ढुवानिको आवश्यक प्रबन्धको लागि पहल गरिनेछ।
8. भौगोलिक वनावटलाई मध्यनजर गर्दै विहादी ५ उरामपोखराको साविक वडा ७,८,९ र शालिग्रामको केहि भागलाई सेवा दिने गरी स्वास्थ्य ईकाई सेवा स्थापना गर्ने अवधारणा अगाडि बढाईनेछ।
9. स्वास्थ्य संस्थामा संचालित २४ घन्टे प्रसुती सेवालाइ प्रभाबकारी रुपमा संचालन गरि घरमै हुने प्रसुतीलाई निरुत्साहित गर्दै आमा र शिशुको स्वास्थ्यमा प्रवर्धन गर्न पूर्ण सस्थागत प्रसुती कार्यक्रमलाई प्रोत्साहित गरिने छ ।
10. **"सुत्केरी संग उपाध्यक्ष कार्यक्रम"** मार्फत स्वास्थ्य संस्थामा प्रसुति हुने सुत्केरी महिलालाई पोषण प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ, किशोर किशोरी स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
11. प्राथमिक स्वास्थ्य सेवा सहज बनाउन बाच्छाको बाह्रविसेमा सञ्चालित २४ घन्टे प्रसुती सेवा सहितको आधारभूत सवास्थ्य सेवा र उरामको गेप्ताङमा सञ्चालित सामुदायिक स्वास्थ्य इकाइलाई ब्यबस्थित र निरन्तरता दिइनेछ ।

12. मातृ तथा नवशिशु मृत्यु हुन नदिन स्वास्थ्य संस्थामा सुत्केरी भएका तथा सवै सुत्केरी महिलाहरुको PNC Home Visit लाई प्रभावकारी र अनिवार्य रुपमा सञ्चालन गरिनेछ ।
13. खोप पाउने बालबालिकाहरुको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै पूर्णखोप प्रदान गरि पूर्णखोप सुनिश्चित पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ, साथै जुम्ल्याहा शिशु स्तनपान भत्ता वितरण  कार्यक्रमको अवधारणा अगाडी बढाईने छ।
14. कोभिड विरुद्धको पूर्ण तथा बुष्टर खोप प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिदै कोभिड विरुद्धको पूर्णखोप पालिका घोषणा गर्ने नीति अबलम्बन गरिनेछ ।
15. स्वास्थ्यकर्मीहरुको क्षमता एवं दक्षता अधिवृद्धि गर्न र अत्यावश्यक सेवा संचालनका लागि आवश्यक तालिम सञ्चालनका लागि संघीय तथा प्रदेश सरकार तथा सहयोगी संस्थासंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
16. क्षयरोग, मलेरिया, हात्तीपाइले लगायत अन्य संक्रामक रोगलाई जनस्वास्थ्य समस्याको रुपमा रहन नदिन राष्ट्रिय प्रोटोकल अनुसार संचालन गर्ने नितिलाई अबलम्बन गरिने छ।
17. मुटु, मृगौला र क्यान्सर जस्ता रोग लागेको वृद्ध तथा विपन्न वर्गका नागरिकलाई निशुल्क स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

18. बिपन्न र ज्येष्ठ नागरिकहरुका लागि नि:शुल्क स्वास्थ्य सेवा तथा औषधी प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ, साथै आयुर्बेद उपचार पद्धतिलाई प्रोत्साहन गरिनेछ |
19. बिपन्न र ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी महिला, तथा नवजात शिशुहरुलाई निशुल्क र प्रभावकारी एम्बुलेन्स सेवा व्यवस्थाको लागी पहल गरीनेछ, यस पालिकाका स्वास्थ्य सेवामा रहेका ल्याव गुणस्तरीय बनाउने र पालिका भित्र **"ग्रामिण अल्ट्रा साउण्ड सेवा"** कार्यक्रमलाई विस्तार गरीनेछ।
20. **"महिला स्वास्थ्य स्वयंमसेविकाहरुको आत्मसम्मान"** कार्यक्रम सञ्चालन गरी प्रोत्साहन अवधारणा अगाडी बढाईने छ, साथै **स्वयंमसेविकाहरुको** स्वास्थ्य बिमा शुल्कमा सत प्रतिशत अनुदान उपलब्ध गराइनेछ |
21. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वस्थ जिवनशैली प्रवद्धन गर्न **"विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम"** तथा **"एक विद्यालय एक नर्स कार्यक्रम"** को अवधारणा अगाडी बढाईने छ।
22. सुनौला हजार दिनका आमा,अनाथ बालबालिका तथा पाँच वर्षमुनिका बालबालिका र किशोरीहरुको पोषण सुधारका योजनालाई विस्तृत बनाईनेछ, साथै खाद्य तथा पोषण सुनिश्चितताका लागि **"पोषण सुरक्षण"** तथा सुत्केरी महिलालाई दिईने **"पोषण प्रोत्साहन"** कार्यक्रमलाई निरन्तरता दिईनेछ।
23. किशोरीहरुको लागी निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ, साथै पालिकाको सहयोगमा स्यानेटरी प्याड उत्पादन मेशिन खरिद गर्ने अवधारणा अगाडी बढाईने छ।
24. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सम्बद्ध बिज्ञहरु रहेको समिति गठन गरी विहादी गाउँपालिकाको शिक्षा सुधार योजना तर्जुमा गरिनेछ, साथै सामुदायिक विद्यालय समायोजन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।

25. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ।माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने नीतिको अवधारणा अगाडी बढाईने छ।
26. वहाकी सामुदायिक क्याम्पस, नेपालतारा प्राविधिक शिक्षालय र पालिका आवतजावत लक्षित एक पालिका बसको अवधारणा अगाडि बढाईनेछ साथै नेपालतारा प्राविधिक शिक्षालयमा प्राविधिक क्षेत्रको डिप्लोमा कोर्षको लागि पहल गरिनेछ।
27. एक शिक्षक एक ल्याब्टब कार्यक्रम विस्तृत गरिनेछ, भौगोलिक स्थानअनुसार प्रधानाध्यापकलाई प्रशासनिक खर्चको व्यवस्थाको लागि पहल गरिनेछ।
28. शिक्षक शैक्षीक भ्रमण कार्यक्रम, विद्यार्थी भेटघाट तथा विद्यालय अनुगमन कार्यक्रम, विद्यालयमा विषयगत दरबन्दी कार्यक्रम निरन्तरता दिईनेछ।
29. करार शिक्षकको नियुक्तिमा नया समग्र अवधारणा अबलम्बन गरिनेछ, कक्षा ११/१२ का विद्याथिलाई पुस्तक अनुदानको अवधारणा अगाडि बढाईनेछ साथे शैक्षिक सरंचनाको स्तरोन्नति र मर्मतको लागि पहल गरिनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

30. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ |
31. अध्ययन अध्यापनलाई सहजता प्रदान गर्न डिजिटल बोर्डको प्रारम्भिक अभ्यास गरीनेछ, साथै शिक्षक सेवा आयोगबाट यस पालिका भित्र सिफारीस भई आउने शिक्षकहरुलाई **"सेवा प्रवेश तालिम"** दिईनेछ।
32. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ,साथै प्राथमिक उपचार तालिम विषय स्थानिय पाठ्यक्रममा समाबेश गर्न पहल गरिनेछ |
33. लागत साझेदारीमा १ वडा १ नमूना विद्यालयको विकासको अवधारणा अगाडि बढाईनेछ, साथै विद्यालयहरुमा विद्‌युतीय हाजिरी प्रणालीको कार्यान्वियन पक्षमा प्रभावकारीता ल्याइनेछ ।
34. प्र.अ.हरुलाई विद्यालय व्यवस्थापन तालिम, विषयगत शिक्षक तालिम, पुनर्ताजकी तालिम, ICT तथा IEMIS सम्बन्धी तालिम लगायतका तालिमलाई निरन्तरता दिइनेछ, साथै कार्यक्षमताको आधारमा प्रधानाध्यापक नियुक्ति हुने व्यवस्था मिलाइ कार्य सम्पादनका आधारमा पदावधीको पुनरावलोकन गरिनेछ ।
35. विहादी गाउँपालिकाबाट पदस्थापना भएको शिक्षकलाई न्युनतम १ वर्ष सेवा अवधी पुगेपछि शैक्षिक सत्रको सुरु र अन्त्यमा मात्र सरुवा भई जान पाउने व्यवस्था मिलाइनेछ, विषयगत दरबन्दी नभएका

विद्यालयहरुमा आवस्यकता अनुसार शिक्षण सहयोग अनुदान लगायत लामो समयसम्म एउटै विद्यालयमा कार्यरत शिक्षकलाई अन्तरविद्यालय सरुवाको व्यवस्था मिलाइनेछ ।

36. गाउँपालिका स्तरीय खेलकुद महोत्सब को अवधारणा अगाडि बढाईनेछ, साथै भाषा, साहित्य, संगीत, कला को प्रवर्धनको लागि विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
37. पुर्व प्राथमिक शिक्षालाई प्रभावकारी बनाउन कक्षा १ बालबिकास केन्द्रको बिचमा के.जी कक्षा सन्चालन गर्ने नीतीलाई निरन्तरता दिईनेछ, साथै सेवा सुविधालाई हेरफेर गर्ने नीती लिईनेछ।
38. "**फ्राईडे फर फ्युचर**" **(Friday For Future)** विद्यालय कार्यक्रम लागु गरी जनप्रतिनिधिको उपस्थितिमा अतिरिक्त क्रियाकलापलाई बिशेष जोड दिईनेछ, साथै "**राष्ट्रपति रनिङ शिल्ड**" कार्यक्रमलाई निरन्तरता दिईनेछ।
39. बिज्ञान प्रयोगशालालाई थप व्यवस्थित गराईनेछ, लगायत "**एक वडा एक पुस्तकालय**" कार्यक्रमको अवधारणा अगाडी बढाईनेछ।
40. शिक्षक सेवा आयोगका कक्षा बिद्यार्थीको माग अनुसार सन्चालनमा ल्याईने छ, साथै SEE दिएर बसेका बिद्यार्थीको लागि पालिका भित्र अतिरीक्त शिक्षा दिन पहल गरीनेछ।
41. बिद्यालयमा राजनितिक हस्तक्षेपको अन्त्य गरीनेछ, कुनै पनि राजनितिक दलका बिद्यार्थी सगंठनलाई बिद्यालय समयमा बिद्यालय भित्र सगंठन बिस्तार गर्न दिईने छैन।
42. "**सिक्दै कमाउदै, कमाउदै सिक्दै**" कार्यक्रम सञ्चालनको लागी प्रभावकारी व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय बनाउन विशेष महत्व दिईनेछ, पालिकाको एकमात्र सामुदायिक क्याम्पस वहाकी सामुदायिक क्याम्पस र नेपालतारा प्राविधिक शिक्षालयलाई जीवनोपयोगी प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्न दिईने अनुदानलाई निरन्तरता दिईनेछ।
43. "**सामुदायिक विद्यालय सगँ स्थानिय सरकार**" कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयको क्षमता अभिवृद्धिको कार्यक्रमको अवधारणा अगाडी बढाईने छ, साथै "**पालिका प्रमुख/उपप्रमुख शैक्षिक सुधार**" कार्यक्रम अन्तर्गत आवश्यकता का आधारमा कम्प्युटर, फर्निचर तथा फिक्चर्सको व्यवस्था गरीनेछ।
44. घर विहिन गरिब, विपन्न लगायतका सीमान्तकृत तथा लोपोन्मुख जातीलाई आवास र शौचालयको लागि पहल गरिनेछ ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

45. "**जेष्ठ नागरीक सेवा कार्यक्रम**" अन्तर्गत सामाजिक सुरक्षा भत्तामा गरीएको वडागत वितरणलाई थप प्रभावकारीताका साथ निरन्तरता दिईनेछ। साथै शारीरिक रुपले अशक्त व्यक्तिको अधिकार संरक्षण गर्दै "**अशक्त सहायता कार्यक्रम**" लाई निरन्तरता दिईनेछ।
46. सामाजिक सुरक्षा भत्ता लिन नचाहनेहरु स्थानियबासीहरुलाई सम्मान कार्यक्रम, जेष्ठ नागरिकहरुलाइ न्यानो कपडा वितरण कार्यक्रम, ५५ देखि ६८ वर्षसम्मका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता वितरण र प्राकृतिक चिकित्साको विकास, योगा कार्यक्रमको विकास र प्रवद्धन लगायत जेष्ठ नागरिहरुका लागी लघु भ्रमण, धार्मिक प्रवचन तथा धार्मिक भ्रमण सम्बन्धी कार्यक्रमको अवधारणा

अगाडि बढाईनेछ,ग वर्गका अपाङ्ग व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता दिने नीती ल्याईनेछ, साथै घ वर्गका अपाङ्ग व्यक्तिहरुलाई सिपमुलक तालिम प्रदान गरिनेछ।

47. **"खेल्छ विहादी"** कार्यक्रम अन्तर्गत सम्पुर्ण वडामा रहेका खेलाडीलाई अवसर प्रदान गर्न **वडाकप**बाट खेलाडी छनोट गरी **"अध्यक्षकप विहादी"** कार्यक्रम सञ्चालन गरीनेछ, खेलकुद क्षेत्रको बिकासको लागि **कभर्डहल निर्माण**को अवधारणा अगाडी बढाईने छ।
48. **"एक वडा, एक खेलमैदान"** को अवधारणा अगाडी बढाईने छ, कृकेट खेल लाई प्राथमिकता दिईने छ, साथै विभिन्न क्लब तथा सस्थाले सञ्चालन गर्दै आईरहेको खेलकुद प्रतियोगितालाई दिईने सहयोगलाई निरन्तरता दिईनेछ।
49. पालिकाको फजुल खर्च नियन्त्रण, साधारण खर्चमा मितव्ययितता तथा बेरुजु न्युनिकरणको लागि पहल गरी वित्तिय सुशासन कायम गरीनेछ।
50. **"विपन्न तथा असाह्य शैक्षिक छात्रावृति कार्यक्रम"** अन्तर्गत दलित, जेहेन्दार, जनजाती, अशक्त र विपन्न बिद्यार्थीलाई छात्रावृतिको व्यवस्था गरीनेछ, साथै कक्षा १ देखि १० सम्मका बिद्यार्थीलाई दिवा खाजाको लागि पहल गरिनेछ।
51. स्थानिय स्तरका खाद्यान्न तथा बालीको विउविजनको सरंक्षण गर्रिनेछ।
52. बिजुलिको प्रयोग गरि उत्पादन हुन सक्ने वस्तुको अवधारणा अगाडि बढाईनेछ, निजी क्षेत्रलाई काम गर्ने वातावरण बनाउन पहल गरिनेछ, साथै राजस्व र कर चुवावट रोकी करको दायरामा ल्याईनेछ।
53. अनुदान प्राप्त होमस्ट्को अनुगमन र विस्तार, स्थानिय बजारको व्यवस्थापन लागि व्यवस्थापन समिति गठन, मासुजन्य पदार्थको मुल्य कायम, भाडादरमा को निर्धारणको लागि पहल कार्यक्रम, क्रसर उद्योग लक्षित कार्यक्रम तथा किसानलाई मलमा अनुदान र सहजिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
54. ईन्डक्सन चुलोलाई प्राथमिकता दिईनेछ, स्थानिय पञ्चेबाजा सरंक्षणमा ध्यान दिईनेछ।
55. श्रम बजारलाई सुहाउदो जनशक्ति विशेषगरी युवा लक्षित ईलेक्ट्रोनिक, प्लम्बिङ, ड्राईभिङ, कारपेन्टर र कुकिङ तालिमको अवधारणा अगाडि बढाईनेछ।
56. **सुरक्षाकर्मी सहायता कार्यक्रम**को अवधारणा अगाडि बढाईनेछ साथै गरीबी वर्गिकरण र भु-वर्गिकरणको यथासिघ्र अवधारणा अगाडि बढाईनेछ।
57. कृषि तथा पर्यटकिय क्षेत्रको विकासको लागि सम्भाव्यताको अध्ययन गरिनेछ।

❖ **पुर्वाधार बिकासः**

1. पालिका भित्रका सडक यातायातका भौतिक सरंचनालाई प्राथमिकीकरण सहित दिगो सडकको आधारको मर्म अनुसार स्तरोन्नति तथा मर्मतसम्भार गर्न सघं तथा प्रदेश सरकारसगं समन्वय गरी कार्यलाई तिव्रता गरिनेछ।
2. विहादी गाउपालिका भित्र निर्माणाधिन रहेका बृहत खानेपानी आयोजनामध्ये बर्राचौरको बर्राचौर-सोति खानेपानी लिफ्ट, रानीपानीको अरेवा सातमुले खानेपानी लिफ्ट र रानीपानी रुम्टा खानेपानी लिफ्ट, वहाकीको वहाकी जम्पुर खानेपानी आयोजनार शालिग्रामको शालिग्राम खानेपानी लिफ्टलाई पुर्णता दिनको लागि सघं तथा प्रदेश सरकारसगं समन्वय गरिनेछ।
3. पालिकाका सबै घरपरिवारलाई आधारभुतस्तरको खानेपानी सेवा पुर्याउन **"एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरता दिदै जीर्ण खानेपानी आयोजनाको मर्मत सम्भार गरी आगामी चार बर्षमा सतप्रतिशत लक्ष्य हासिल गरिनेछ।
4. विहादी गाउपालिका भित्रका बृहत खानेपानी आयोजनाले समेट्न नसकेका स्थानमा खानेपानी स्रोतको पहिचान गरी दिगो खानेपानीका आयोजना सञ्चालनको लागि पहल गरिनेछ, साथै खानेपानीका मुल तथा बाँधक्षेत्र सरंक्षणको कार्यक्रम सन्चालन गरिनेछ।
5. लिफ्टिङ खानेपानी आयोजनाका महशुलमा अनुदान दिन पहल गरिनेछ ।
6. **"सिचाइ कृषि बिकासको आधार"** भएकाले कृषिजन्य उत्पादनका पकेट क्षेत्रमा सिचाईका पुर्वाधार निमार्ण गर्न पहल गरीनेछ। साथै सिचांइलाई प्रवद्धन गर्नको लागि वडा नं. २, ३ र ४ मा Deep Boring को सम्भाव्यता अध्ययन गरिनेछ।
7. लुरिङ, भतेरपाटा चिरुरीखाल्टा र पुर्णगाउमा आकाशे सिचांइ ट्याकींको लागि आवश्यक पहल गरिनेछ।
8. पहिले लागत अनुमान पछि बजेट विनियोजन को अवधारणा अगाडि बढाईने छ।
9. सेतिवेणी शिला र बजारलाई व्यवस्थित बनाउन पहल गरिनेछ,सेतिवेणीमा गुल्मी, पर्वत र स्याङ्जा जोड्ने पुलको सम्भाव्यता अध्ययन गरिनेछ।
10. **एक वडा एक सभाहल** र **पालिका सभाहल**को अवधारणा अगाडि बढाईनेछ, साथै फोहोर जम्मा गर्ने डम्पिङ साईडको लागि आवश्यक पहल गरिनेछ।
11. आर्थिक बर्ष भित्र कार्यावन्यन हुन नसकेका विषय एवम् क्षेत्रसगं सम्बन्धित महत्वपुर्ण र जनताको आवश्यकता सम्वोधन गर्ने, आवश्यक परेका अतिआवश्यक योजनाको लागि रकम विनियोजन गरिनेछ।
12. खेलकुदलाई प्रोत्साहन गर्नको लागि दुर्लाङ खेल मैदान, ईमिचौर खेल मैदान र साँपचौर खेल मैदानलाई पालिकास्तरको मिनि रगंशाला निर्माणको लागि सघं तथा प्रदेश सरकारसगं समन्वय गरिनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

13. पालिकाको आय र जिवनस्तर सुधार ल्याउन सञ्चालित ठुला आयोजनालाई रणनितिक महत्वका साथ अनुगमन तथा निरिक्षण गरी कार्यमा तिव्रता पारिनेछ, साथै ठुला तथा मझौला पुर्वाधार निर्माण गर्न गर्न सघं तथा प्रदेश सरकारसगं समन्वय गरिनेछ।
14. छिमेकी पालिकासगंको समन्वयमा बादर संरक्षण घर निर्माण गर्ने , बादर आतंक अन्त्य गर्नको लागी बादर नियन्त्रणकर्ताको परिचालन गरी संरक्षण घरमा राख्रे र बन्ध्याकरण गरी त्यसलाई व्यवस्थित गराउने सम्भाव्यताको अध्ययन गर्न आवश्यक पहल गरिनेछ।
15. पालिका क्षेत्रमा घरठेगाना भै अन्यत्र कार्यरत रहेका र विभिन्न विषयमा विशेषज्ञता हाँसिल गरेका व्यक्तिहरुको समेत सहभागितामा **डिजिटल भिलेज प्रोफाइल** (Digital Profile) तयार गरी एकीकृत विवरण सङ्कलन गरिनेछ ।
16. गोर्लेङ, लुरेङ, भेडाबारी र सल्यान पुग्ने पदमार्ग निर्माणको लागीपहल गरीनेछ र सडक को सम्भाब्यता अध्ययन गरिनेछ, साथै पालिकाको पुर्व र पश्चिममा प्रवेशद्वार निर्माणका लागि पहल गरिनेछ ।
17. बाल उद्धान,महिला स्पोर्टस क्लब र शिशु बिकास केन्द्रको सम्भाव्यताको अध्ययन गरिनेछ ।

❖ **वातावरण तथा विपत व्यवस्थापन**

1. वन व्यवस्थापन अन्तर्गत वन क्षेत्रका बिषयगत तथ्याङ्क सकंलन, सामुदायिक वनहरुको संरक्षण, संर्वद्धन र व्यवस्थापकिय उपयोग जस्तै टपरी उद्योग, अगरबत्ती उद्योग, मसला उद्योग, चप्पल उद्योग आदिजस्ता विषयमा ध्यान दिईनेछ।
2. **पालिका विपत व्यवस्थापन कोष**लाई निरन्तरता दिई खोज, राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाईनेछ, विपत व्यवस्थापनको पुर्व तयारीको लागि जोखिम क्षेत्रको नक्साङ्कन गरी सुरक्षित स्थानहरुमा स्थानान्तरणको लागि पहल गरिनेछ।
3. विपत न्युनिकरणका लागि सामुदायिक खोज र तालिम, उद्धारमा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ, साथै गैरसरकारी सस्थां, नागरिक समाज र स्वयमसेवकसँग विपत व्यवस्थापनमा समन्वय गरिनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

4. **"एक टोल एक चौतारी अभियान"** सन्चालन गरी पर्यावरणको संरक्षण गर्नुपर्नेमा चेतना जगाईनेछ, वर, पिपल, समी रोपण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
5. आपतकालीन संचालन केन्द्र तथा  विपद तालिम केन्द्रको निर्माणका लनगि आवश्यक पहल गरिनेछ।
6. सार्वजनिक स्थान तथा सम्पतिको पहिचान तथ्याङ्क सकंलन, संरक्षण, संर्वद्धन र व्यवस्थापकिय उपयोगमा ध्यान दिईनेछ।
7. नदिजन्य पदार्थको उत्खनन, सकंलन र विक्री जस्ता कार्यलाई कानुनअनुसार व्यवस्थित गरिनेछ, भने निजी जग्गाबाट उत्पादित निर्माणमुखि पदार्थ वितरणलाई व्यवस्थित गरिनेछ।
8. अनावश्यक रुख तथा झाडी फडानी गरी बहुबर्षिय रुख बनाईने, बाझो जमिनमा सुन कागतिको रोप्ने कार्यको अभ्यास गरिनेछ साथै वास्तविक किसानलाई मुल्याकंन गरी अनुदान दिईने र अनुदान थप गरिने नीती ल्याईनेछ।
9. प्राकृतिक स्रोतको दोहन रोकिनेछ,सार्वजनिक जग्गा, पानी, जगंल,नाला, आदिलाई स्थानिय सत्तामा ल्याईने नीती अबलम्बन गरिनेछ, साथै सडकको अनावश्यक अवरोध हटाईनेछ।

❖ **सुशासन तथा सस्थांगत विकास**

1. पालिकाभित्रका कार्यक्रममा लैङ्गिक समानता तथा समावेशिकरणलाई सम्बन्धित विषयका रुपमा समावेश गर्नुपर्ने नीती अगाडी बढाईनेछ।
2. पदाधिकारी तथा कर्मचारीको व्यक्तिगत सदाचारिता तथा ईमान्दरीता प्रवद्धन गरी **"भ्रष्टाचार विरुद्धको शुन्य सहनशिलता"**को नीतीलाई स्थानीय सरकारले कुशल रुपमा कार्यन्वयनमा ल्याउनेछ।
3. लागु औषध दुर्व्यसन तथा ओसारपोसार, घरेलु हिसां, जातिय भेदभाव तथा छुवाछुत र आत्महत्या दुरुत्साहन जस्ता सामाजिक अपराध न्युनिकरणका तथा नियन्त्रणका क्रियाकलाप सञ्चालन गरिनेछ। सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गरिनेछ |
4. श्रमजीवी पत्रकारहरु तथा सञ्चारमाध्यमलाई व्यवस्थित तथा मर्यादित बनाउन सरोकारवालाको समन्वयमा आवश्यक पहल गरिनेछ,साथै रेडियो सत्ययवाणी लगायतका स्थानिय सचांर माध्यमलाई प्रोत्साहन स्वरुप दिईने अनुदानलाई निरन्तरता दिईनेछ ।
5. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालिम, स्थलगत भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
6. विहादी गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिलाई तालिमको व्यवस्था गरिनेछ, साथै योजनाका कामलाई प्रभावकारी र पारदर्शी बनाउन उपभोक्ता समितिलाई तालिम दिईनेछ।
7. विहादी गाउँपालिकामा सञ्चालित उधोग र व्यवसायहरुलाई पालिकाभित्र नै करचुक्ता, नविकरण लागि पहल गरिनेछ साथै नया व्यवसाय दर्ता प्रकृया प्रभावकारी अगाडि बढाईनेछ।
8. कार्यपालिकाको निर्णय जनस्तरमा पुराउने अवधारणा अगाडि बढाईनेछ र राजनैतिक मिलान कार्यक्रम सञ्चालन गरिनेछ।
9. स्थानियबासीका समस्या टिपोट वा जानकारी गराउन फ्रि-कल सेवा उपलब्ध गराईनेछ।

**आदरणिय सभा सदस्य ज्यूहरु,**

10. विद्युत प्राधिकरणसंग सहकार्य गरी २० युनिटसम्मको शुल्क निशुल्क गरिने अवधारणा लागि पहल गरिने छ, साथै विद्युत प्राधिकरणसंग सहकार्य गरी **"उज्यालो सडक र बस्ती"** कार्यक्रम प्रारम्भ गरिनेछ।
11. प्रत्येक कर्मचारी र शिक्षकको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन राजनैतिक दलका सघं सगंठन खारेज गर्न आवश्यक स्थानिय कानूनी प्रवन्ध गरी कार्यान्वयन गर्ने अवधारणा अगाडी बढाईने छ ।
12. पालिकाका भित्रका मुख्य कार्यालयहरु, विद्यालयहरु र मुख्य चोकहरुमा सिसिटिभी जडान गरी सेवा प्रवाह र गतिविधीलाई प्रत्यक्ष निगरानीमा राखिनेछ, साथै सार्वजनिक क्षेत्रमा Free Wifi को लागि पहल गरिनेछ।

13. "**जनतासंग पालिका अध्यक्ष**" कार्यक्रम प्रभावकारी बनाईनेछ,साथै चौमासिक अबधिमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाब तथा गुनासोको ब्यबस्थापन गरिनेछ |
14. महिला शसक्तिकरणका लागि नेतृत्व बिकास तालिम, आयआर्जन र सिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ, साथै महिलाहरुको आर्थिक शसक्तिकरणका लागि **"उपाध्यक्षसगँ महिला उत्थान र विपन्न उद्धमी महिला** "कार्यक्रम सञचालन गरिनेछ।
15. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self-Assessment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।
16. पालिका स्थापना दिवस **फागुन २७ गते** मनाउने चलन बसाल्दै सो अबसरमा उत्कृष्ट किसान, जनप्रतिनिधि तथा कर्मचारीहरु तथा हरेक क्षेत्रका उत्कृष्ट व्यक्तिहरुलाई सम्मान गरिनेछ।
17. सबै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी सबै विवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, स्थलगत निरिक्षण गरी प्रतिबेदन पेश गर्ने, मेलमिलाप प्रकिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ, साथै पालिकाबाट स्थानीयबासीमा कानुनी परामर्श सेवा उपलब्ध गराउने अवधारणा अगाडी बढाईनेछ।
18. सेवा प्रवाहलाई सरल र सहज बनाउनको लागि प्रत्येक वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको लागि पहल गरिनेछ ।
19. गाउँपालिकाबाट प्रकाशन हुने सूचना तथा जानकारीहरु कार्यालयको वेवसाईट, फेसबुक पेज, यूटुब च्यानलबाट प्रकाशन गर्ने तथा आवश्यकता अनुसार एस.एम.एस बाट समेत पठाउने व्यवस्था गरिनेछ ।
20. गाउँपालिका अन्तर्गत रहेका वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु तथा विद्यालयहरुमा ईन्टरनेट जडान कार्य सम्पन्न भईसकेकोले कार्यालयका कामकाजमा सूचना प्रविधिको प्रयोगलाई जोड दिईनेछ ।
21. योजना सञ्चालन, राजश्व व्यवस्थापन, सिफारिस, दर्ता चलानी, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र जस्ता सेवालाई छिटो छरितो र व्यवस्थित बनाउनको लागि सफ्टवयरको प्रयोग गरिनेछ ।
22. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।
23. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ ।

**अन्त्यमा,** विहादी गाउँपालिका लाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट " **समुन्नत बिहादी सम्मानीत विहादीबासी** " बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण पालिकाबासी लाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ ।

साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद

**जय विहादी॥**